नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस नोट

दक्षिण कोरियामा मौसमी कामदार पठाउने सम्बन्धमा नेपाल सरकार र दक्षिण कोरिया सरकारवीच सम्झौता भएकोले भागिनी सम्झौता कायम गरेका स्थानीय तहहरुले यस मन्त्रालयमा सम्पर्क गर्नु भन्ने व्यहोराको मिति २०८१/१२/२५ मा प्रकाशित झुट व्यहोराको प्रेस विज्ञप्ति सामाजिक संजालमा प्रचार गरिएकोमा उक्त विज्ञप्ति प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। यस भन्दा अघि मिति २०८१/०८/२० उल्लेख गरी प्रकाशित झुट व्यहोराको प्रेस विज्ञप्ति आधारहिन तथा तथ्यहीन रहेको जानकारी मन्त्रालयले मिति २०८१/१०/२४ को प्रस नोट मार्फत सार्वजनिक गरेको थियो।

उक्त विषयमा यस मन्त्रालयबाट कुनै पनि निर्णय नभएको, मौसमी कामदारका विषयमा हालसम्म कुनै मितिमा पनि कुनै पनि सूचना आह्वान नभएको तथा आधारहीन र तथ्यहीन विषयमा मन्त्रालयको लेटर हेड र छापको दुरुपयोग गरी यस मन्त्रालयको महाशाखा प्रमुखको नामको किर्ते हस्ताक्षर सहितको विज्ञप्ति प्रकाशन गरी भ्रम फैलाईरहेकामा यस्तो काम गर्ने व्यक्ति, समुहमाथि कारवाही गर्न सम्बन्धित निकायमा पत्राचार समेत भएकाले उक्त भ्रमपूर्ण प्रेस विज्ञप्तिबाट सचेत र सजक रहन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सबैमा अनुरोध गर्दछ।

मिति: २०८२/०१/२६

(उण्डुराज घिमिरे)
सहसचिव/ प्रवक्ता